

रोपाईंको मैजारो र असारको विदाइ

✍ विमल लामिछाने ③

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ — सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता — राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक : **देवीप्रसाद सिटौला** (९८४२७६०२६५/९८४९७९१९५)



बिर्तामोड: **राजकुमार श्रेष्ठ** ९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १८७ ❑ २०८३ असार ३२ गते बिहीबार ❑ Thursday, 16 July, 2026 ❑ मूल्य ७ /-


## ६० हजारबढी कर्मचारी विस्थापित हुँदै

### स्थानीय तहका ३५ हजारको रोजगारी धरापमा

✍ पूर्वसन्देश समाचार

**दमक/** करिब ६० हजार करारका कर्मचारी विस्थापित हुने भएका छन् । संघ, प्रदेश र स्थानीय तहअन्तर्गत कार्यरत करिब ६० हजार करारका, अस्थायी तथा ज्यालादारी कर्मचारीलाई विस्थापित गर्दै सहयोगी सेवा आउटसोर्सिङ प्रणालीमार्फत सञ्चालन गर्ने तयारी सरकारले अघि बढाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नेतृत्वमा गठित उच्चस्तरीय कार्यदलले सार्वजनिक कम्पनी स्थापना वा निजी सेवा प्रदायकमार्फत जनशक्ति व्यवस्थापन गर्ने प्रस्ताव तयार गरेपछि हजारौं कर्मचारीको रोजगारी असुरक्षित हुने चिन्ता बढेको छ ।

प्रधानमन्त्री कार्यालयमा पछिल्ला केही दिनदेखि प्रस्तावबारे सचिव र सहसचिवहरूबीच निरन्तर छलफल भइरहेको छ । कार्यदलले मन्त्रालय तथा सरकारी निकायमा कार्यरत सहयोगी सेवाका कर्मचारीलाई एकीकृत 'पर्सोनेल पुल' मा राखी तीन महिनाभित्र नयाँ प्रणाली लागू गर्ने प्रस्ताव अघि सारेको छ ।

प्रस्तावअनुसार सरसफाइकर्मी, कार्यालय सहयोगी, माली, प्लम्बर, मेकानिक, हलुका सवारी चालक, कम्प्युटर अपरेटर, डेटा इन्ट्री अपरेटर, कम्प्युटर टेक्निसियन, माइक अपरेटरलगायत सहयोगी तथा सामान्य प्राविधिक सेवामा अब करार नियुक्ति नगरी सार्वजनिक कम्पनी वा आउटसोर्सिङमार्फत सेवा लिने व्यवस्था गरिनेछ । साथै प्रविधिको प्रयोग, कार्यप्रणाली सुधार र आचारसंहिता लागू गरी यस्ता सेवामा आवश्यक जनशक्ति कम्तीमा ५० प्रतिशतले घटाउने प्रस्ताव पनि गरिएको छ ।

सरकारी अनुमानअनुसार हाल संघीय सरकारअन्तर्गत १० देखि १५ हजार, प्रदेशमा करिब ६ हजार र स्थानीय तहमा झन्डै ३५ हजार करार तथा अस्थायी कर्मचारी कार्यरत छन् । यद्यपि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग करार कर्मचारीको एकीकृत अभिलेख भने नरहेको बताइएको छ ।

सरकारको दाबी छ कि आउटसोर्सिङ प्रणाली लागू गर्दा प्रशासनिक खर्च घट्ने, जनशक्ति व्यवस्थापन व्यवस्थित हुने र सेवा प्रवाह थप प्रभावकारी बन्नेछ । हाल सुरक्षा गार्डलगायत केही सेवा कम्पनीमार्फत सञ्चालन भइरहेकाले त्यही मोडल अन्य सहयोगी सेवामा पनि विस्तार गर्न सकिने निष्कर्ष प्रधानमन्त्री सचिवालयले निकालेको स्रोतको भनाइ छ ।

प्रस्ताव सार्वजनिक भएसँगै कर्मचारीहरू आन्दोलनमा उत्रिएका छन् । मंगलबार १८ वटा मन्त्रालयमा कार्यरत करार कर्मचारीहरूले सिंहदरबारस्थित अर्थ मन्त्रालयको मूल गेटअगाडि धर्ना दिएका थिए । उनीहरूले लामो समयदेखि सेवा गर्दै आएका कर्मचारीलाई विस्थापित गर्ने निर्णय अमानवीय भएको भन्दै तत्काल प्रस्ताव फिर्ता लिन र रोजगारीको सुनिश्चितता गर्न माग गरेका छन् । कर्मचारीहरूले माग सम्बोधन नभए थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

संयुक्त संघर्ष समितिका प्रतिनिधिहरूका अनुसार कतिपय कर्मचारी दुई दशकभन्दा बढी समयदेखि सरकारी कार्यालयमा कार्यरत छन् । उनीहरूलाई कुनै वैकल्पिक व्यवस्थाविना हटाउनु सामाजिक र आर्थिक रूपमा गम्भीर असर पर्ने उनीहरूको तर्क छ ।

यसैबीच समाजकल्याण परिषद्ले पुनर्संरचनाको तयारीस्वरूप करारमा कार्यरत ४९ जना कर्मचारीको सम्झौता नवीकरण नगर्ने निर्णय गरिसकेको छ । परिषद्का अनुसार स्थायी कर्मचारीबाहेक अन्य करार कर्मचारीको सेवा निरन्तरता नदिने नीति अवलम्बन गरिएको छ, जबकि तीमध्ये धेरै कर्मचारी १५ देखि २० वर्षदेखि कार्यरत रहेका छन् ।

सरकारले सुशासन, खर्च कटौती र प्रशासनिक सुधारलाई आधार बनाएर नयाँ मोडल अघि सारे पनि यसले हजारौं कर्मचारीको भविष्य, श्रम अधिकार र सार्वजनिक सेवाको विषय उठाएको छ ।

## एमालेका सबै मन्त्री बर्खास्त

**दमक/** सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले बजेट पारित गर्ने विषयमा छलफल गर्न बोलाएको बैठकमा सरकारमा रहेर पनि असहयोग गरेको भन्दै मन्त्रीहरू बर्खास्त गरेका छन् । सुदूरपश्चिममा देखिएको राजनीतिक तनाव थप चुलिँदा मुख्यमन्त्री शाहले नेकपा एमालेका सबै मन्त्रीहरूलाई बर्खास्त गरेका हुन् । बजेट पारित गर्न समस्या भएपछि मुख्यमन्त्री शाहले एमालेका मन्त्रीहरूलाई 'कि राजीनामा दिनुस, कि बजेट पारित गर्न सहयोग गर्नु' भनेका थिए । तर एमालेका मन्त्रीहरु दुवै कुराका लागि तयार नभएपछि शाहले बर्खास्त गरेका हुन् ।

उनले सरकारमा बस्ने हो भने बजेट पारित गर्न सहयोग गर्नुपर्ने र त्यसो गर्न नसक्ने भए पदबाट राजीनामा दिनुपर्ने बताएका थिए । तर एमाले मन्त्रीहरूले पद नछाड्ने अडान लिएप बर्खास्तको निर्णय लिएका हुन् । एमालेका मन्त्रीहरु बैठकबाट बाहिरिएसँगै मुख्यमन्त्री शाहले उक्त दलबाट प्रतिनिधित्व गर्ने सबै मन्त्रीलाई बर्खास्त गरिदिएका हुन् । प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट पारित गर्ने विषयमा सत्ता गठबन्धनभित्र मतभेद थियो ।

## कोशीमा भारी वर्षाको चेतावनी

**दमक/** कोशी प्रदेशमा पुनः भारी वर्षाको सम्भावना रहेको भन्दै मौसम पूर्वानुमान महाशाखाले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । केही सातायता लगातारको वर्षापछि बाढी, पहिरो र डुबानका घटनाले जनधनको ठूलो क्षति व्यहोरेको कोशीमा थप वर्षाको पूर्वानुमान भएपछि जोखिम अझ बढेको हो ।

कोशी, कन्काई, मेची, अरूण, तमोर, दूधकोशीसहित साना नदी तथा खोलाहरूमा पानीको सतह बढ्न सक्ने भएकाले नदी किनारका बासिन्दा, भिरालो जमिनमा बसोबास गर्ने नागरिक तथा यात्रुहरूलाई विशेष सावधानी अपनाउन महाशाखाले आग्रह गरेको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुनी वायुको प्रभाव कायम रहनुका साथै मनसुनको न्यून चापीय रेखा नेपालको तराई भूभाग नजिक रहेकाले कोशी प्रदेशका पहाडी क्षेत्रमा दिउँसो र राति भारी वर्षा हुन सक्ने सम्भावना छ । पहाडी क्षेत्रसँगै तराईका केही स्थानमा पनि चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने अनुमान गरिएको छ ।

## छ लाख घुससहित चुलाचुलीका इन्जिनियर पक्राउ

**दमक/** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले इलामको चुलाचुली गाउँपालिकामा कार्यरत इन्जिनियर डिल्लीराज खड्कालाई छ लाख रुपियाँ घुससहित नियन्त्रणमा लिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल र आयोगको कार्यालय इटहरीबाट संयुक्त रूपमा खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको हो।

टोलीले इन्जिनियर खड्कालाई सेवाग्राहीबाट छ लाख रुपियाँ घुस लिइसकेको अवस्थामा उक्त रकमसहित झापाको दमक नगरपालिका-१ स्थित एक खाजाघरबाट बिहीबार नियन्त्रणमा लिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए। नियन्त्रणमा लिइएका खड्का माथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ। छैटौं तहका इन्जिनियर खड्काले पुलको रिडिजाइन स्वीकृत गराइदिएबापत तथा ठेक्काको भुक्तानी प्रक्रियामा सहजीकरण गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस माग गरेको उजुरी परेको थियो।

## आव ०८३/०८४ मा १६६ विधेयक संसदमा पेस गरिने

**दमक/** कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले आर्थिक वर्ष ०८३/०८४ मा सरकारले कुल १ सय ६६ वटा विधेयक संघीय संसदमा पेस गर्ने लक्ष्य राखेको जानकारी दिएकी छन् । प्रतिनिधि सभाको बुधबारको बैठकमा बोल्दै मन्त्री गौतमले नयाँ कानून निर्माण र मौजुदा ऐनको परिमार्जनका लागि सरकारले कार्यतालिका नै तय गरेको स्पष्ट पारिन् ।

मन्त्री गौतमकाअनुसार पेस गरिने विधेयकहरूमध्ये ९७ वटा नयाँ रहेका छन् भने ६९ वटा प्रचलित ऐनलाई संशोधन गर्न बनेका विधेयकहरु छन् ।

सरकारले यी विधेयकहरूलाई प्राथमिकताका आधारमा तीन समूहमा वर्गीकरण गरेको छ, जसमा पहिलो प्राथमिकतामा ६४, दोस्रोमा ४५ र तेस्रो प्राथमिकतामा ५७ वटा विधेयक रहेका छन् । विधायन ऐन, २०८१ को दफा ३ को व्यवस्था बमोजिम मन्त्रालयले वार्षिक कार्यतालिका निर्माण गरी संघीय संसदमा बुझाइसकेको मन्त्री गौतमले सदनलाई जानकारी गराइन् ।

मन्त्रालयगत विवरण प्रस्तुत गर्दै उनले बाँकी 8 पेजमा ▸▸

## पाँचथर-ताप्लेजुङमा ग्यास र इन्धन अभाव

**दमक/** तमोर करिडोरअन्तर्गत पाँचथरको कुम्मायक गाउँपालिका-३ हाङ्ढुवादेखि फिदिमतर्फको सडक वर्षाका कारण क्षतिग्रस्त भएकाले र उक्त मार्गबाट सामग्री ढुवानी गर्दा मेची राजमार्गको तुलनामा धेरै इन्धन खर्च हुने भन्दै व्यवसायीले ढुवानी गरेका छैनन् ।

मेची राजमार्गअन्तर्गत इलामको माईखोला-राजदुवाली क्षेत्रमा सडक भासिएर यातायात अवरूद्ध भएपछि पाँचथर र ताप्लेजुङमा खाना पकाउने एलपी ग्यास तथा पेट्रोलियम पदार्थको अभाव चुलिएको छ । आपूर्ति अनिश्चित बनेसँगै उपभोक्ता वैकल्पिक रूपमा विद्युतीय चुलो खरिद गर्न बाध्य भएका छन् । पाँचथरमा असार ३ गतेयता एलपी ग्यासको नयाँ आपूर्ति हुन सकेको छैन ।

## *व्यापारीद्वारा इन्धन खरिदमा कटौती*

***दमक/*** *मूल्य घट्दा हुन सक्ने सम्भावित नोक्सानीबाट बच्न व्यापारीहरूले पछिल्ला तीन दिनदेखि डिमाण्ड घटाएका छन् ।*

*अन्तर्राष्ट्रिय बजारअनुसार पेट्रोलियम पदार्थको मूल्य घट्ने आशंकामा नेपाल आयल निगमका आधिकारिक बिक्रेताहरूले इन्धन खरिदमा व्यापक कटौती गरेका हुन् ।*

*निगमको विराटनगरस्थित कोशी प्रादेशिक कार्यालयमा सोमबारदेखि नै इन्धनको माग घट्न थालेको छ । झापा, मोरङ र* बाँकी 8 पेजमा ▸▸

## प्रतिनिधि सभा बैठक दुई साताका लागि स्थगित

दमक । सरकारबाट विधेयक तथा अन्य संसदीय कार्य (बिजनेस) नआएपछि प्रतिनिधि सभाको बैठक दुई साताका लागि स्थगित गरिएको छ । सभामुख डोलप्रसाद अर्यालले बुधबारको बैठकमा अर्को बैठक साउन १४ गते बिहान ११ बजे बस्ने जानकारी दिए । बैठकअघि बसेको कार्यव्यवस्था परामर्श समितिले संसद्मा बिजनेस नभएकाले दुई साताका लागि बैठक स्थगित गर्ने सहमति गरेको थियो । समितिमा प्रतिनिधित्व गर्ने सबै दलका प्रमुख सचेतकले पनि यसमा समर्थन जनाएका थिए ।

## पूर्वप्रम भट्टराईले बुझाए सम्पत्ति विवरण

दमक । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सम्पत्ति छानबिन आयोगसमक्ष आफ्नो सम्पत्ति विवरण बुझाएका छन् । बुधबार केशरमहलस्थित आयोगको कार्यालयमा विवरण बुझाउँदै उनले पारदर्शिता, जवाफदेहिता र सुशासनप्रतिको प्रतिबद्धताअनुसार आवश्यक विवरण पेस गरेको सचिवालयले जनाएको छ । सरकारले २०६२/६३ सालयताका उच्चपदस्थ पदाधिकारीको सम्पत्ति छानबिन गर्न गठन गरेको आयोगले विवरण संकलन गरिरहेको छ । वर्तमान सरकारका सदस्यलाई छानबिनको दायराबाहिर राखिएको विषयमा आयोग विवादमा परेको छ भने यसविरूद्ध सर्वोच्च अदालतमा रिटसमेत दर्ता भएका छन् ।

## सुतेकै अवस्थामा कैदीको मृत्यु

**खोटाङ/** जिल्ला कारागार खोटाङमा कैद भुक्तान गरिरहेका एक कैदीको सुतेकै अवस्थामा मृत्यु भएको छ। सवारी ज्यान मुद्दामा दिक्तेलस्थित मुडेस्थित जिल्ला कारागारमा कैद भुक्तान गरिरहेका साकेला गाउँपालिका-४ मात्तिम पारुङका २३ वर्षीय निसान राईको मृत्यु भएको हो। असार ३० गते बेलुकाको खाना खाएपछि सुतेका राई मध्यराति बेहोस अवस्थामा भेटिएको कारागारका सूचना अधिकारी कपिन्द्र कठायतले जानकारी दिनुभएको छ। बेहोस अवस्थामा भेटिएपछि उनलाई राति नै जिल्ला अस्पताल पुर्याइएकामा अस्पतालले तत्कालै मृत घोषणा गरेको थियो।

## एलपी ग्यासमा कालोबजारी र कृत्रिम अभाव रोक्न निर्देशन

**दमक/** प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य, श्रम तथा उपभोक्ताहित समितिले एलपी ग्यासमा हुने कालोबजारी, कृत्रिम अभाव तथा आपूर्ति व्यवस्थापनमा देखिएका समस्यालाई प्रभावकारी रूपमा नियन्त्रण गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको छ ।

सिंहदरबारमा बुधबार बसेको समितिको बैठकमा सभापति रहबर अन्सारीले ग्यास आपूर्तिको दीर्घकालीन समाधानका लागि पाइपमार्फत ग्यास वितरण प्रणाली विस्तारको सम्भावना, प्रभाव र आवश्यक तयारीबारे अध्ययन तथा अनुसन्धान गरी सात दिनभित्र समितिमा प्रतिवेदन पेस गर्न मन्त्रालयलाई निर्देशन दिए ।

समितिले पुराना एलपी ग्यास सिलिन्डरको प्रयोगबाट उपभोक्तामा पर्न सक्ने जोखिम न्यूनीकरण गर्न पनि सम्बन्धित निकायलाई सचेत गराएको छ । सभापति अन्सारीले नेपाल एलपी ग्यास उद्योग, नेपाल आयल निगम र मन्त्रालयले नियमित अनुगमन सञ्चालन गर्दै सिलिन्डरको गुणस्तर परीक्षण र सुरक्षाको सुनिश्चितता गर्न निर्देशन दिएका छन् ।

समितिले उपभोक्ताको सुरक्षालाई प्राथमिकतामा राख्दै ग्यास आपूर्ति प्रणालीलाई व्यवस्थित, सुरक्षित र पारदर्शी बनाउन सम्बन्धित निकायले प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिएको छ ।

## भोजपुरको धातु उद्योग संकटमा



***धनकुटा/*** *भोजपुरको धातु उद्योग संकटमा परेको छ । पूर्वी पहाडी जिल्ला भोजपुरको ऐतिहासिक टक्सार बजारमा कुनै बेला टक (डोली पैसा) छापिने तथा धातुका सामग्री उत्पादन गर्ने उद्योगहरु अहिले धमाधम बन्द हुँदै गएका छन् । सेवा, सुविधा र अवसरको खोजीमा बसाइँसराइ बढेपछि टक्सार बजारमा रहेका धातु उद्योग संकटमा परेका हुन् ।*

*जिल्ला सदरमुकाम भोजपुरबाट करिब डेढ किलोमिटर दूरीमा रहेको टक्सार बजारमा ऐतिहासिक धातु उद्योगहरु सञ्चालन हुँदै आएका थिए । यहाँ करिब दुई सय वर्षअघिदेखि धातुका सामग्री बनाउने गरिएको इतिहास पाइन्छ । कुनै समय २५ वटा धातु उद्योग रहेकामा २०७५ सालयता चार वटा मात्रै सञ्चालनमा छन् ।*

*अधिकांश धातु उद्योग सञ्चालन गर्ने स्थानीय सेवा, सुविधा र अवसरको खोजीमा बसाइँसराइ गएका छन् । यहाँ रहेका उद्योगमा पनि सीप पुस्तान्तरण हुन नसक्दा उद्योग बन्द हुँदै* बाँकी 8 पेजमा ▸▸


**मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर बुझाउने बारे दमक नगरपालिकाको सूचना**

**यस नगरपालिका लाई चालू आ.ब. २०८२।०८३ को असार मसान्त भित्र बुझाउनु पर्ने मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर लगायतका करहरु समयमा नै सम्बन्धित वडा कार्यालय तथा यस कार्यालयमा बुझाई जरिवाना तिर्न बाट जोगिनु हुन सम्बन्धित सवै करदाता महानुभावहरुमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ ।**

**दमक नगरपालिका**
राजस्व प्रशासन शाखा

# सम्पादकीय

## कृषि उत्पादनमा आत्मनिर्भरताको खाँचो


नेपालको आर्थिक मेरूदण्ड मानिएको कृषि क्षेत्र अहिले ऐतिहासिक रुपमै सबैभन्दा जटिल र संवेदनशील मोडमा आइपुगेको छ । कुनै समय खाद्यान्न निर्यात गर्ने मुलुक आज वार्षिक झन्डै ४० अर्ब रूपैयाँको खाद्यान्न आयात गर्नुपर्ने डरलाग्दो परनिर्भरताको दलदलमा फसिसकेको छ । कृषि विभागको पछिल्लो तथ्यांकले त झन् हाम्रो राष्ट्रिय खाद्य सुरक्षामाथि नै गम्भीर प्रश्न खडा गरिदिएको छ । आर्थिक वर्ष २०७६/७७ देखि २०८२/८३ सम्मको छोटो अवधिमा मात्रै ८२ हजार ४३ हेक्टर खेतीयोग्य जमिन घट्नु सामान्य विषय होइन । यो तथ्यांकले हाम्रा उर्वर फाँटहरु कति तीव्र गतिमा कंक्रिटको जंगलमा परिणत भइरहेका छन् भन्ने तितो यथार्थलाई छताछुल्ल पारेको छ ।

संघीयताको कार्यान्वयनसँगै सुरू भएको अव्यवस्थित बजारीकरण, जग्गाको तीव्र खण्डीकरण र भूकम्पपछिको असुरक्षित प्लटिङले देशको कृषि भूमिलाई क्षतविक्षत बनाएको छ । खेती नहुने स्थानमा मात्र सहर बसाउने र औद्योगीकरण गर्ने विश्वव्यापी अभ्यासलाई हाम्रा नीतिनिर्माताले पूर्णतः उपेक्षा गर्दाको परिणाम आज देशले भोग्दै छ । एकातिर भूमिको विनाश तीव्र छ भने अर्कोतिर वैदेशिक रोजगारीको आकर्षण, बसाइँसराइ र कृषिप्रतिको वितृष्णाका कारण ग्रामीण क्षेत्र युवाविहीन र श्रमशक्तिविहीन बनेका छन् । दुःख र लगानी अनुसारको प्रतिफल नपाइने, बजारमा बिचौलियाको बिगबिगी हुने र राज्यले कृषकलाई सम्मानजनक दृष्टिले हेर्न नसक्दा नयाँ पुस्ता कृषिबाट पूर्णतः विमुख भएको छ । थप रुपमा, मधेशमा हात्तीको उपद्रो र पहाडमा बाँदर, बँदेलजस्ता वन्यजन्तुको आतंकले गर्दा किसानहरु आफ्नै थातथलो छोड्न बाध्य छन्, जसले खेतहरुलाई बाँझो र जंगलमा परिणत गरिरहेको छ ।

विडम्बनाको पराकाष्ठा त के छ भने, हाम्रै तराईका उर्वर भूमिबाट उत्पादित धान अनौपचारिक माध्यमबाट सीमापारि पुग्ने र त्यही धान ब्रान्डेड चामल बनेर पुनः नेपाली भान्सामा महँगो मूल्यमा भित्रिने चक्र चलिरहेको छ । अर्कोतिर, जलवायु परिवर्तनको मार र सिँचाइको फितलो व्यवस्थापनले किसानलाई थप निरूत्साहित बनाएको छ ।

यद्यपि, यो निराशाभित्र एउटा बलियो आशाको किरण पनि लुकेको छ । क्षेत्रफल घट्दाघट्दै पनि प्रविधिको सामान्य प्रयोग र उन्नत बिउका कारण धानको उत्पादकत्वमा सुधार आएको छ । आर्थिक वर्ष २०७६/७७ को तुलनामा चालु आर्थिक वर्षमा धान खेतीको क्षेत्रफल घटेर १३ लाख ७६ हजार हेक्टरमा सीमित हुँदा पनि उत्पादन बढेर ५७ लाख ५ हजार मेट्रिक टन पुग्नुले नेपाली माटोको सामर्थ्यलाई पुष्टि गर्छ । कुल खेतीयोग्य जमिनको ५४ प्रतिशत भूभाग ओगट्ने धान खेतीमा देशका २७ लाखभन्दा बढी कृषक घरधुरी आश्रित छन् । यसले के देखाउँछ भने, यदि राज्यले सही नीति, प्रविधि र बजारको सुनिश्चितता दिने हो भने हामी खाद्यान्नमा आत्मनिर्भर बन्न सक्छौं ।

# रोपाईंको मैजारो र असारको विदाइ



✍ विमल लामिछाने

**सहरको भौतिक चमक, कंक्रिटका महलहरू र कोलाहल जतिसुकै लोभलाग्दो र चम्किलो भए तापनि हामीले आफ्नो अस्तित्वको मूल जरा र धरातललाई कदापि बिर्सनु हुँदैन । किनकि हाम्रो वास्तविक पहिचान, संस्कार, मौलिकता र आत्मिक वैभव त्यही खेतको हिलोको सुगन्धित पावन माटो, श्रम र रैथाने सानमा नै अन्तर्निहित छ ।**

साउनको आगमन हुनु भनेको रोपाईँको मैजारो र माटोको सुगन्धसँग रमेको असारको विदाइ पनि हो । ग्रीष्मको प्रचण्ड रापले डढेको माटोलाई शीत्तल जलकणले सिञ्चित गर्दै आउने असारलाई प्रकृति, श्रम र मानव जीवनको अनुपम महाकाव्यको महिना पनि भनिन्छ । खेतका गराहरु पानीले भरिएर ऐनाजस्तै टल्किँदा र डाँडाकाँडाहरूले हरियो घुम्टो ओढ्दा धर्तीले नवजीवनको वरदान पाउँछ ।

भ्यागुताको ट्याँर-ट्याँरे क्रन्दन, पहाडे कुलोको सुसेली र तराइमा वर्षाको दर्कोले वायुमण्डलमा अलौकिक संगीत भर्छ । तर, यो संगितमा मात्रै अलमलिने समय होइन, 'मानो खाएर मुरी उब्जाउने' अमूल्य घडी हो असार, जहाँ हलीको निर्देश, बाउसेको चटारो र रोपाहारका असारे भाकाहरु हिलो र पसिनासँग एकाकार हुन्छन् । हिलोलाई चन्दन र कर्मलाई पूजा मान्ने किसानहरु यहाँ धान मात्र होइन, आलीमा दही-चिउरा खाँदै आ॑ना सुनौला सपनाहरु धर्तीको गर्भमा रोप्छन् ।

आजबाट यो वर्षको असार महिना सकिएको छ । तर, असारको पुरै महिना त्यसमाथिपनि असार १५ को धान दिवसले हाम्रो माटोप्रतिको अगाध प्रेम र पर्मको सामूहिक संस्कृतिलाई जीवन्त बनाएको छ । यो केवल वर्षाको भेल मात्र होइन, हाम्रो कृषि अस्तित्व, अर्थतन्त्र र संघर्षको बलियो तार्किक जग पनि हो । जसरी आकाशको पानीबिना प्रकृतिको चक्र अधुरो हुन्छ, त्यसैगरी असारको हिलोमा नडुब्दासम्म समृद्धिको क्षितिज उघारिन सक्दैन । यसले सृष्टिको एउटा अकाट्य सत्यलाई प्रमाणित गर्छ ।

सुख र उत्पादन सहजताको कोखबाट होइन, असहज परिस्थिति र कडा साधनाको गर्भबाट मात्र जन्मन्छन् । नेपाली समाजको आपसी सद्भावलाई एकीकृत गर्ने यो समयले श्रमलाई पेसासँग मात्र होइन, राष्ट्रिय गौरव र सभ्यताको निरन्तरतासँग जोड्छ । अतः तार्किक रूपमा हेर्दा, असार दु:खको पर्याय नभएर अभावमाथि विजय प्राप्त गर्ने र भविष्यलाई सुरक्षित गर्ने एउटा अपरिहार्य एवं दूरदर्शी लगानीको महायज्ञ पनि हो ।

हो, असार सबैले स्मरण गर्ने महिना हो । यतिवेला हामी विज्ञानको चरम उत्कर्षको 'आधुनिक असार'सँग जुधिरहेका छौं । समयको अविराम गतिसँगै यान्त्रिक आधुनिकताको चमक त भित्रियो, तर यसले हाम्रा कतिपय मौलिक सांस्कृतिक धरोहर र रैथाने सुवासहरूलाई इतिहासको धुमिल पानामा सीमित गरिदियो ।

स्मृति-पटलको कुनै कुनामा आज पनि ढिकीमा कुटिएका ती सुगन्धित, अमूल्य चिउरा र पातिका पातले गुटुमुटु पारेर प्राकृतिक रूपमै पकाइने केराको अलौकिक स्वाद जीवन्त छ । त्यो स्वाद आजभोलिका विलासी तारे होटलका कृत्रिम र व्यावसायिक मेनुहरूमा खोजेर पनि भेटिँदैन ।

मंसिरको सुनौलो ऋतुदेखि नै गाउँको अन्नपूर्ण भकारीमा जतनसाथ सुरक्षित राखिएको धानको त्यो गौरवमय इतिहास र खड्कुडोबाट निस्कने कञ्चन बाफको सुगन्धसँग जोडिएको आत्मसन्तुष्टि आज बजारका यान्त्रिक र पोलिस गरिएका चमक-धमकयुक्त चिउराहरूमा किमार्थ प्राप्त हुन सक्दैन । त्यो उत्तरबाल्यकालको स्वर्णिम परिवेश, जहाँ हाम्रा साना र कलिला खुट्टाहरु ढिकीको पुच्छर थिच्नका लागि एउटा अभूतपूर्व उत्साहका साथ दौडिन्थे । वैंस र तागत नपुगेका ती निर्दोष गोडाहरु निहुराउन गाह्रो हुँदा हजुरआमाको लुङ्गीको फेरो समातेर भएपनि ढिकीको पुच्छरमा चढ्नै पर्थ्यो । हजुरआमाले असीम वात्सल्य खन्याउँदै भन्नुहुन्थ्यो, 'छेउमा टेक न बाबु, बल थपिन्छ कि ।' हो, कालान्तरमा बुझ्दै जाँदा हजुरआमाको त्यो ममतामयी ढाडस केवल ढिकी कुट्नका लागि मात्र थिएन रहेछ, त्यो त जीवनका अनपेक्षित उत्साह र संघर्षहरूसँग जुध्नका लागि दिइएको एउटा साश्वत जीवन-दर्शन रहेछ । त्यही आड र संस्कारको बलमा आज पनि यो जीवनको गोरेटो अविचलित अडिएको आभाष हुन्छ ।

त्यो परम्परागत ढिकीको आ॑ नै एउटा अनुपम संगीत थियो, आ॑ नै माटोको सुवास र स्वर बोकेको लोक-लय थियो । 'भर्क्याङ च्याङ- भर्क्याङ च्याङ' को त्यो आवाजले केवल धान मात्र कुट्दैनथ्यो, बरू माटोसँगको अटुट मानवीय प्रिति र सामूहिकताको पाठ सिकाउँथ्यो । अहिले चेतनाको डिलमा उभिएर नियाल्दा लाग्छ, त्यो ढिकी मात्र कहाँ बज्थ्यो र ? त्यो त सिंगो गाउँकै एउटा सामूहिक धडकन, चेतना र जीवन्त आवाज घन्किएको रहेछ । जो आफैं जुर्मुराएको ग्रामिण लोकजीवनको गाथा बोलेको रहेछ । त्यहाँभित्र आलोपालो हुन्थ्यो, अर्मपर्म हुन्थ्यो । एकघरको चिउरा कुटिसकेपछि अर्कोको पालो आउँथ्यो । कुट्दा मात्र होइन, खाँदा पनि आलोपालोमै खाइन्थ्यो । घर घुमी घुमी । धुसेरी र पातिका पातहरूमा बेरिएर रैथाने प्रविधिबाट पकाइने ती केरा अनि लैनो भैँसीको चकने दही । भावनात्मक थियो गाउँ । घाँसपात र कुँडोका लागि छिमेकीको आँगनमा सहजै गरिने आत्मीय फेराहरु, चकनै चकना भएको दही र तोलनमा मथेको मही समेत बाँडेर खाने ती संस्कार आज एकादेशको दन्त्यकथा जस्तै लाग्छन् । त्यतिबेलाको नेपाली ग्रामीण समाज बजारवाद र मुद्राको तुलोमा होइन, आपसी अकाट्य विश्वास, पारस्परिकता र स्नेहको जगमा चलेको थियो । हरेकको भान्छा र चुलोमा छिमेकीको निश्छल सद्भाव र सहअस्तित्वको पवित्र ज्योति बलिरहेको हुन्थ्यो । अझ भनौं, छिमेकीबाट आगोको फिलुङ्गो र दियालोको टुक्रासमेत आदानप्रदानले आत्मीयता प्रगाढ बनाएको थियो ।

असारका दिन खेतकै कुइनेटामा ढुंगा जोडेर बनाइएको वनभोजे प्राकृतिक चुलो, त्यसबाट निस्कने धुवाँको बास्ना, र भित्रैसम्म राग पुग्ने गरी आगोको कोइलामा पोलेका हरिया मकैको स्वाद शब्दमा बयान गर्न असम्भव छ ।

तामाको अचार र करेलाको रैथाने तरकारीसँग हिलोमै बसेर खाइने त्यो खाजाका अगाडि संसारकै वैभवशाली र महँगा भोजहरु पनि फिक्का, नीरस र निसार लाग्छन् । वास्तवमा, त्यो स्वाद कुनै कृत्रिम नुन वा आयातीत मर-मसलामा कहाँ थियो र ? त्यो त खेतको हिलो र माटोमा सँगै पसिना बगाउने श्रमजीवी मान्छेहरूको आत्मीयता र निश्छल प्रेमको अमूल्य घोलमा मिश्रित थियो ।


श्रम र आत्मीयताको त्यही फ्युजन नै त्यो भोजनको वास्तविक लालित्य थियो । परन्तु, समयको क्रूर चक्रव्यूहमा आज पनि असार त आएकै छ, वर्षैपिच्छे निरन्तर आउँछ, तर त्यो पुराना मूल्यमान्यता बोकेको जीवन्त गाउँ आउँदैन ।

अचेल अमृततुल्य दही फ्रिजको कृत्रिम चिसोमा बन्धक छ भने, रैथाने चिउरा प्लास्टिकको निर्जीव थैलोमा कैद भएर बजारको हेङ्गरमा झुण्डिएको हुन्छ । ट्र्याक्टरको यान्त्रिक र कोलाहलपूर्ण आवाजले हिल्याएका आधुनिक खेतका गराहरूमा अचेल लोकजीवनका असारे भाका र 'बाउसे'का गीतहरु होइन, मोबाइलका डिजिटल घण्टीहरु गुञ्जिन्छन् । समयको तीव्र गतिको बहावमा ढिकीको त्यो रैथाने र मौलिक लय कतै सुदूर इतिहासमा बिलाएर गयो ।

मानव जीवन र प्रविधि बाह्य रूपमा आधुनिक त भए, तर हाम्रो सनातन मन भने आधुनिकताको यो कृत्रिम साँचोमा फिट हुन सकेन । आज पनि एकान्तमा आँखा चिम्लिँदा अतीतबाट हजुरआमाको त्यो वात्सल्यपूर्ण र दिव्य स्वर गुञ्जिएर आउँछ, 'ए छिटो उठन बाबु, आज धान उसिन्नुपर्छ, पल्लाघर गएर ठूलो खड्कुँडो मागेर ल्याउ ।' चेतना र स्मृतिको त्यो उर्वर ब्याडमा आज पनि बाल्यकालको त्यो रैथाने रोपाइँ र असारे हिलो निरन्तर चलिरहन्छ । वास्तवमा, असार १५ पनि केवल दही-चिउरा चपाउने एउटा ऋतुकालीन कर्मकाण्ड वा उत्सव मात्र कहाँ थियो र ? यो त हलो, गोरू, हली, बाउसे, रोपाहार र धर्तीमाताको अस्तित्वको सामूहिक महागान थियो । हाम्रो कृषि सभ्यताको मेरुदण्ड थियो र अहिले पनि असारले कृषिको मेरूदण्डकै रूपमा भूमिका निर्वाह त गरेकै छ, मात्र शैली फरक छ ।

सहरको भौतिक चमक, कंक्रिटका महलहरु र कोलाहल जतिसुकै लोभलाग्दो र चम्किलो भए तापनि हामीले आ॑नो अस्तित्वको मूल जरा र धरातललाई कदापि बिर्सनु हुँदैन । किनकि हाम्रो वास्तविक पहिचान, संस्कार, मौलिकता र आत्मिक वैभव त्यही गाउँको पावन माटो, श्रम र रैथाने सानमा नै अन्तर्निहित छ । जबसम्म हामी आ॑नो माटो र जरासँग जोडिरहन्छौं, तबसम्म मात्र हाम्रो अस्तित्व जीवन्त रहन्छ ।


# मेरिङदेनका किसानलाई अनुदान



**ताप्लेजुङ /** यहास्थित मेरिङदेन गाउँपालिकाले गोठ तथा भकारो सुधार कार्यक्रम सञ्चालन गर्दै किसानलाई ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने भएको छ ।

गाउँपालिकाले गाईबस्तुको मलमूत्रमा रहेको खाद्यतत्व संरक्षण गर्दै गुणस्तरीय प्रांगारिक मल उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले अनुदान उपलब्ध गराउने भएको हो । उक्त अनुदानबाट प्राङ्गारिक खेती प्रवर्द्धन हुनुका साथै कृषि उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको गाउँपालिका अध्यक्ष युकहाङ विर हांगामले बताए । उनका अनुसार अनुदान अन्तरगत किसानले गोठ तथा भकारो सुधार, काउम्याट खरिद, गहुँत संकलन प्रणाली व्यवस्थापन लगायतका कार्यमा अनुदान प्राप्त गर्न सक्नेछन् अनुदान लिन पशुका लागि पानी र गहुँत नचुहिने गरी गोठ निर्माण गरिएको, गहुँत संकलन ट्यांकीको व्यवस्था भएको तथा भकारोको मलखाद राख्ने खाडललाई घाम र वर्षाबाट जोगाउन छानो बनाइएको हुनुपर्नेछ । यस्तै, लाभग्राहीसँग कम्तीमा एक माउ गाई वा भैंसी, १० माउ बाख्रा वा पाँच माउ बंगुर हुनुपर्ने छ । यस कार्यक्रमले किसानलाई आधुनिक तथा व्यवस्थित पशुपालनतर्फ आकर्षित गर्नुका साथै प्रांगारिक खेतीको विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको गाउँपालिकाले जनाएको छ ।

# शिक्षामा स्थानीय तह र प्रदेशलाई बढी जिम्मेवार बनाइँने



**दमक/** संघीय सरकारले शिक्षामा स्थानीय तह र प्रदेशलाई बढी जिम्मेवार बनाउने तयारी गरेको छ । यही भावअनुसार मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना तयार भएको छ ।

आर्थिक वर्ष २०८३/०८४ देखि २०८७/०८८ सम्मको मानव अधिकारसम्बन्धी कार्ययोजनाको प्राथमिकताको पहिलो नम्बरमै शिक्षा क्षेत्र छ । पाँच वर्षे कार्ययोजना कार्यान्वयनको बृहत तालिकामा शिक्षा क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको भूमिका केलाइएको छ ।

जस अन्तर्गत निरक्षरता उन्मुलन गर्ने पहिलो उद्देश्य छ । 'पूर्ण साक्षर स्थानीय तह निर्माणका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्ने' कार्ययोजनामा उल्लेख छ । कार्ययोजना अनुसार यो काम स्थानीय तहले गर्नेछ । सहयोगी निकायको रूपमा प्रदेशको शिक्षा हेर्ने मन्त्रालय र नागरिक समाज रहनेछन् ।

अर्को उद्देश्यमा आधारभूत विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने भनिएको छ । यसका लागि विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने र यो काम गर्ने जिम्मेवारी स्थानीय तह दिइएको छ । सहयोगी निकायको रूपमा प्रदेशको शिक्षा हेर्ने मन्त्रालय र नागरिक समाज रहनेछन् ।

तह स्थानीयले नै प्रारम्भिक बाल विकास शिक्षा अभियान सञ्चालन गर्ने अर्को कार्ययोजना छ । यसको सहयोगी निकायको रूपमा शिक्षा तथा खेलकुद मन्त्रालय, प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नागरिक समाज रहनेछन् ।


आगामी ५ वर्षभित्र आधारभूत विद्यालय स्तरमा बाल विकास केन्द्र स्थापना गरिसक्ने अर्को लक्ष्य छ । यो काम पनि स्थानीय तहले नै गर्नेछ । यो काममा स्थानीय तहलाई शिक्षा तथा खेलकुद मन्त्रालय, प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, नागरिक समाजले सहयोग गर्नेछन् ।

आधारभूत तहसम्म तोकिएको समुदाय वा आर्थिक रूपले विपन्न वा अपांगता भएका, जोखिममा परेका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका, अल्पसंख्यक तथा लोपोन्मुख एवं सीमान्तकृत समुदाय र वर्गका बालबालिकाको लागि छात्रवृत्रि र दिवा खाजाको व्यवस्था गर्ने कार्ययोजना छ ।

यो काम गर्ने निकाय पनि स्थानीय तह हो । जसमा प्रदेशको शिक्षा हेर्ने सम्बन्धित मन्त्रालय र नागरिक समाजलेल सहयोग गर्ने भनिएको छ । यो कामबाट छात्रवृत्ति, पाठ्यपुस्तक र दिवा खाजा प्राप्त गरेका लक्षित बालबालिकाको संख्या बृद्धि हुँदै जाने सरकारको विश्वास छ ।

विद्यालय भर्ना भएका विद्यार्थीहरूको विद्यालय छाडेर जाने प्रवृत्ति रोक्न विद्यालय छाड्ने कारण पत्ता लगाई उपयुक्त सुधारका उपायहरु अवलम्बन गर्ने भनिएको छ । यो कामको जिम्मेवारी पनि स्थानीय तहले लिनेछ ।

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।



# बस्ती जोगाउन हेंवा खोलामा तटबन्ध



**दमक/** सिँचाइ तथा जलस्रोत आयोजना कार्यालय, झापाले हेंवा खोलाको दुवै किनारमा तटबन्ध निर्माण गरेको छ । पाँचथरको फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिकाको सीमास्थित हेंवा खोला किनारमा रहेको माझीटार बस्ती तथा खेतीयोग्य जमिनलाई बाढी र कटानबाट जोगाउन २७६ मिटर लामो तटबन्ध निर्माण गरिएको छ ।

आयोजना कार्यालयका प्राविधिक दिनेश सुवेदीका अनुसार हिलिहाङ गाउँपालिकातर्फ १८० मिटर र फिदिम नगरपालिकातर्फ ९६ मिटर गरी कुल २७६ मिटर लामो तथा तीन मिटर अग्लो तटबन्ध निर्माण गरिएको छ । तीन करोड रूपैयाँको लागतमा रणकाली माता निर्माण कम्पनीले हेंवा खोलामा २७६ मिटर र पाँचथर-ताप्लेजुङ सीमास्थित काबेली नदीमा थप २०० मिटर लामो तटबन्ध निर्माण गरेको हो ।

विगत तीन वर्षदेखि बाढीले हेंवा खोलाको बहाव परिवर्तन गरेपछि व्यापारिक तथा पर्यटकीय क्षेत्र माझीटारमा तीव्र कटान हुँदै आएको थियो । कटानका कारण सयौं रोपनी खेतीयोग्य जमिनमा क्षति पुग्नुका साथै सिँचाइ र खानेपानीका स्रोतसमेत प्रभावित भएका थिए ।

हिलिहाङ गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक वीरेन्द्र मंग्रातीले बस्ती र कृषि भूमि जोगाउने उद्देश्यले यस वर्षदेखि तटबन्ध निर्माण सुरु गरिएको बताए । उनका अनुसार आगामी आर्थिक वर्ष २०८३र८४ मा पनि तटबन्ध विस्तारका लागि संघीय सरकारले बजेट विनियोजन गर्ने तयारी गरेको छ ।

उनले स्थानीय तहको बजेटले मात्र यस्ता ठूला संरचना निर्माण सम्भव नभएकाले संघीय सरकारसँग समन्वय गरेर बजेट ल्याउने पहल गरिएको र यस वर्ष कामको सुरुआत गर्न सफल भएको बताए ।

यद्यपि स्थानीयवासीका अनुसार जोखिम पूर्ण रूपमा टरेको छैन् । पछिल्लो समय तमोर नदीको बहाव बस्तीतर्फ मोडिन थालेपछि माझीटार थप जोखिममा परेको छ ।




१. हामी वास्तवमा तिन ओटा रङ मात्र हेर्न सक्छौ, निलो, रातो र हरियो बाकी सबै रङ्ग यसकै मिश्रणबाट बन्दछ । यिनै तिन रङ्गको मदतले हामी करोडौ रङ्ग देख्न सक्छौ ।
२. हाम्रो आदि भन्दा बढी दिमाकलाई आखाले नै काबुमा राख्ने गर्छ ।
३. आँखालाई काबुमा राख्ने मसल्स हाम्रो शरीरमा बढी सक्रिय रहन्छ । तर, ध्यान केन्द्रित पार्ने मसल्स दिनमा कम्तीमा पनि १० लाख पटक हल्लिने गर्छ ।
४. हाम्रो आँखामा घनिष्ट मेडिकल पावर हुन्छ । फोहोर, धुलो, धुवा छान्ने क्षमता हुन्छ ।
५. हाम्रो आँखाका केवल दुई कोसीकाबाट देख्न सक्छौ । हाम्रो आँखामा १३ करोड रातो सेल र ७० लाख कोन सेल हुन्छ । रेड सेलको मदतले हामी अध्यारोमा पनि देख्न सक्छौ ।
६. मानवको आँखा ५७६ मेगापिक्सलको हुन्छ । कुनै वस्तुलाई फोकस गर्न केवल २ मिली सेकेण्डको समय लाग्दछ ।
७. हाम्रो आँखाको रङ्ग इलालिनमा निर्भर रहन्छ, निलो आँखा हुने व्यक्तिमा इलालिन बढी पाइन्छ ।
८. कुनै व्यक्तिको दुवै आखाको रङ्ग फरक फरक पाइन्छ ।
९. नवजात शिशु केवल १५ इन्चको दुरी मात्र ठिक सँग हेर्न सक्छ । मानवको जन्मदेखि मृत्यु सम्म आँखाको साइज एउटै हुने गर्छ ।
१०. आँखा मानव शरीरको दोस्रो ठुलो जटिल अंग हो, पहिलोमा दिमाग हो ।

**रबर स्ट्याम्प बनाउने ठाउँ**
**बिजि स्टेशनरी एण्ड छापाखाना**
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

स्वास्थ्य

# मेहन्दी लगाउनुका १० फाइदा



**दमक/** साउने संक्रान्तिकै दिन मिठो खाने, आफ्ना आफन्तसंग भेटघाट गर्ने तथा मेहेन्दी लगाउने चलन चलिआएको छ । मेहेन्दी सौन्दर्य सामाग्री अन्तर्गत पर्दछ, तर यसका विभिन्न स्वास्थ्य फाइदाहरु पनि छन् । मेहेन्दी सुन्दरताका लागि मात्र नभइ यसको प्रयोग विभिन्न स्वास्थ्य समस्यामा पनि गरिन्छ । तर पछिल्लो समय हातमा लगाउने चलन छ । बजारमा पाइने केमिकल मेहेन्दीले भने छालालाई प्रत्यक्ष असर गर्छ । केमिकल मिसावट मेहेन्दीबाट भने जोगिनु राम्रो हुन्छ ।

**के-के छन् त मेहेन्दीका फाइदाहरु ?**

१. रगत सफा गर्नका लागि मेहेन्दीलाई औषधिको रुपमा प्रयोग गरिन्छ । यसका लागि राति सफा पानीमा मेहन्दी भिजाएर राख्ने र बिहान उठेपछि त्यसलाई छानेर पिउनु पर्छ ।
२. घुँडा अथवा जोर्नीको दुखाईको समस्या हुँदा मेहन्दी र क्यासटलको पातलाई समान मात्रामा पिसेर त्यसको मिश्रणलाई मन तातो बनाउनु पर्छ । अब यो लेपलाई घुँडामा लगाउनाले घुँडा दुख्ने समस्याबाट राहत प्राप्त हुन्छ ।
३. टाउको दुख्ने अथवा माइग्रेन जस्ता समस्याका लागि पनि मेहन्दी एउटा राम्रो उपाय हो । मेहन्दीलाई पिसेर टाउकोमा लगाउनाले टाउको दुख्ने र माइग्रेनको समस्यामा फाइदा पुग्छ ।
४. शरीरको कुनै पनि भागमा पोल्यो भने मेहन्दीको लेप लगाउनाले घाउ छिट्टै ठीक हुन्छ ।
५. मेहन्दीमा दही, अमलाको धुलो, मेथीको धुलो मिलाएर घोल तयार गर्नु पर्छ । यसलाई कपालमा लगाउने र एकदेखि दुई घण्टापछि सफा पानीले कपाल पखाल्नु पर्छ । यसो गर्नाले कपाल कालो, बाक्लो र चम्किलो हुन्छ ।
६. मेहेन्दीमा चिसो विशेषता भएकाले यसको उपयोग शरीरमा बढेको गर्मी कम गर्नका लागि गरिन्छ । हात र खुट्टामा मेहन्दी लगाउनाले शितलताको अनुभव हुन्छ ।
७. यसबाहेक मेहन्दीको ताजा पातलाई सफा पानीमा भिजाउनु पर्छ । रातभरी राखेपछि त्यसलाई बिहान छानेर पिउनु पर्छ । यसो गर्नाले शरीरमा उत्पन्न भएको गर्मी कम हुन्छ ।
८. तिव्र गर्मीमा राहत प्राप्त गर्नका लागि मेहन्दीको लेपले टाउकोमा शितलता प्रदान गर्छ ।
९. मेहन्दीमा एन्टीसेप्टिक गुण समावेश हुन्छ । यसले कपालको समस्या जस्तै रुखो, चिलाउने र कपाल झर्ने आदि समस्याबाट राहत प्राप्त हुन्छ ।
१०. मेहन्दीमा दही मिसाएर कपालमा लगाउनु पनि फाइदाजनक हुन्छ । यसको प्रयोग हप्तामा एक पटक गर्न सकिन्छ ।

**पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,**
दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
*साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।*
**नोट :**
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
**प्रो. मनोज सिंह**
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

विश्वकप विशेष

# सेमिफाइनल हारेपछि एम्बाप्पेले स्वीकारे फ्रान्सको कमजोरी



**एजेन्सी/** फ्रान्सका कप्तान किलियन एम्बाप्पेले स्पेनसँग २-० ले पराजित हुँदै विश्वकपको सेमिफाइनलबाट बाहिरिएपछि टोलीको समग्र प्रदर्शन अपेक्षाअनुसार हुन नसकेको स्वीकार गरेका छन् । उनले रणनीतिक, प्राविधिक र मिडफिल्डमा देखिएको कमजोरीका कारण लगातार तेस्रो पटक विश्वकप फाइनल पुग्ने लक्ष्य अधुरै रहेको बताएका हुन् । सम्पन्न सेमिफाइनलपछि फ्रान्सेली सञ्चारमाध्यम एम-६सँग कुरा गर्दै एम्बाप्पेले टोलीले खेलअघि बनाएको रणनीति कार्यान्वयन गर्न नसकेको बताए । उनका अनुसार फ्रान्सको योजना सुरुदेखि नै स्पेनलाई माथिल्लो क्षेत्रमा दबाबमा राखेर उनीहरूको स्वाभाविक बल नियन्त्रण गर्ने थियो । तर टोली त्यसमा सफल हुन सकेन ।

'हामीले खेल्न चाहेको शैलीमा खेल्न सकेनौं । रणनीतिक रूपमा, प्राविधिक रूपमा र समग्र प्रदर्शनमा पनि हामी अपेक्षाअनुसार प्रस्तुत हुन सकेनौं,' एम्बाप्पेले भने, 'विश्वकपको सेमिफाइनलमा आफ्नो जिम्मेवारी पूरा गर्न नसकेपछि जित सम्भव हुँदैन ।' उनले हारको मुख्य कारण मिडफिल्डमा देखिएको कमजोरी रहेको उल्लेख गरे । स्पेनविरुद्ध फ्रान्स पटक-पटक मिडफिल्डमा संख्यात्मक रूपमा कमजोर अवस्थामा परेको र त्यसको फाइदा स्पेनले उठाएको उनको भनाइ थियो ।

'हामी बारम्बार मिडफिल्डमा ३ विरुद्ध २ को अवस्थामा परिरहेका थियौं । स्पेनजस्तो टोलीविरुद्ध यस्तो अवस्था निकै घातक हुन्छ । त्यसैले यो हार स्वाभाविक बन्यो,' उनले भने ।

प्रतियोगिताभर आठ गोल गरेका २७ वर्षीय एम्बाप्पेले फ्रान्सको लक्ष्य फाइनल पुगेर इतिहास रच्ने भए पनि त्यो सपना पूरा हुन नसकेको बताए । उनले हारलाई सम्मानपूर्वक स्वीकार गर्दै त्यसबाट पाठ सिकेर अझ बलियो रूपमा फर्किने प्रतिबद्धता व्यक्त गरे । 'अहिले हामी सबै अत्यन्त निराश छौं । तर फुटबल कसैका लागि पनि रोकिँदैन । केही समय विश्रामपछि हामी नयाँ सुरुआत गर्नेछौं र यो असफलताबाट सिकेर अझ बलियो भएर फर्किनेछौं,' उनले भने ।

मनोरञ्जन

# "दुश्मन हेरेको हेऱ्यै" पछि दोस्रो सहकार्यमा दुर्गेश थापा र प्रियंका कार्की



**दमक/** ग्लोबल हिट 'दुश्मन हेरेको हेऱ्यै' पछि गायक दुर्गेश थापा र अभिनेत्री प्रियंका कार्कीले पुनः सांगीतिक सहकार्य गरेका छन् । प्रियंकाले निर्माण गरेको फिल्म 'मास्टर्नी'को एक गीतको कम्पोज दुर्गेशले गरेका छन् ।

उक्त फिल्मको 'प्रवर्धन गीत' सार्वजनिक भएको छ । दुर्गेशकै शब्द, संगीत र स्वरमा तयार भएको सो गीत फिल्ममा भने समावेश हुनेछैन । गायनमा बबिना किराँतीले साथ दिएकी छन् ।

प्रमोसनका लागि मात्र गीतको प्रयोग हुने जानकारी दुर्गेशले दिए । दुर्गेशले उपहारस्वरूप यो गीत फिल्मको प्रमोसनका लागि प्रियंकालाई दिएको बताएका छन् । प्रदीप लामाको नृत्य र निर्देशनमा म्यूजिक भिडियो तयार छ । भिडियोमा प्रियंका र दुर्गेशसहित आयुष्मान जोशी र आर्यन सिग्देल फिचर्ड छन् ।

आयंका फिल्मसको प्रस्तुतिमा निर्माण भएको सो फिल्मको निर्मातामा प्रियंकासहित क्याबिनेट श्रेष्ठ, आयुष्मान जोशी र प्रनित कार्की छन् । शीर्ष भूमिकामा प्रियंकासहित सरोज खनाल, गौरी मल्ल, आर्यन सिग्देल, विशाल पहारी, प्रमोद अग्रहरी, रक्षा थापा, सिम्रन खड्का, अनुपविक्रम शाही, दिनेश का`लेको अभिनय छ । यो फिल्म ५ भदौदेखि प्रदर्शन तयारीमा छ ।

# गोलभेडा फ्याँकेर प्रदर्शन

**दमक/** उत्पादनको उचित मूल्य नपाएको भन्दै किसानहरुले माइतीघरमा गोलभेडा फ्याँकेर प्रदर्शन गरेका छन् । माइतीघर मण्डला क्षेत्रमा भेला भएका किसानहरुले गोलभेँडा पोख्दै प्रदर्शन गरेका हुन् ।

उचित मूल्य नपाएको र बिचौलिया हटाउन माग गर्दै प्रदर्शन गरेको किसानले गुनासो गरे । प्रदर्शनका लागि कृषि फार्मबाटै गोलभेडा ल्याएर माइतिघरमा किसानहरु भेला भएका थिए । उनीहरुले गोलभेँडा तथा अन्य तरकारीको न्यूनतम समर्थन मूल्य मूल्य तोक, कृषि बिमा लागू गर लगायत नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए ।


## दैनिक राशिफल

आज मिति
२०८३ साल
असार ३२ गते
बिहीबार
16 July, 2026
तिथि: द्वितीय



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा शान्ति छाउने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | दिन मध्यम छ । आफन्तबाट अपजस मिल्ला । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मित्रहरु दाहिना होलान् । ब्यापारमा उत्तम समय छैन । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | पारिवारीक भेटघाट । खर्चको मात्रा बढेर जाला । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | शुभचिन्तकबाट सरसहयोग । पढाईलेखाईमा बाधा । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |



आकाशले पानी बर्सायो, किसानले अवसर समात्यो : दमक-५ स्थित एलम्बर चोक नजिकै खरखरे मौर्गमा वर्षाले साथ दिएपछि रोपाइँको तयारीमा ट्र्याक्टरले हिलो सम्याउँदै ।

अन्तर्राष्ट्रिय

# इरान-अमेरिका तनाव थप चर्कियो

**एजेन्सी/** इरान-अमेरिका तनाव थप चर्किएको छ । अमेरिकाले इरानविरूद्धको सैन्य अभियानलाई निरन्तरता दिँदै होर्मुज जलडमरुमध्य तथा आसपासका बन्दरगाह क्षेत्रमा पुनः नौसैनिक नाकाबन्दी लागू गरेको जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होर्मुज जलमार्ग प्रयोग गर्ने जहाजमा २० प्रतिशत शुल्क लगाउने प्रस्ताव फिर्ता लिएको केही घण्टामै अमेरिकी आक्रमण पुनः तीव्र भएको हो । यससँगै मध्यपूर्वमा जारी युद्धका कारण विश्वव्यापी ऊर्जा बजारमा पुनः मूल्यवृद्धिको दबाब देखिएको छ । इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स (आईआरजिसी) ले अमेरिकी नाकाबन्दीले विश्वव्यापी तेल तथा ग्यास आपूर्तिमा ठूलो असर पार्ने चेतावनी दिएको छ । उसले अमेरिका र उसका सहयोगी राष्ट्रका अन्य समुद्री मार्गसमेत प्रभावित हुन सक्ने जनाएको छ ।

लगातार पाँचौँ दिन जारी सैन्य कारबाहीका क्रममा अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले इरानको तटीय क्षेत्रका जलमार्ग र दर्जनौँ सैन्य लक्ष्यमा आक्रमण गरेको जनाएको छ । कुवेतले पनि इरानी क्षेप्यास्त्र र ड्रोन आक्रमणका क्रममा आफ्नो एउटा नौसैनिक जहाजमा क्षति पुगेको तथा चालकदलका चार सदस्य घाइते भएको जनाएको छ ।

खेलकुद

# विश्वकपको नयाँ ढाँचा अनुमोदन नेपालसहित १६ टोली ग्लोबल क्वालिफायरमा भिड्ने



एजेन्सी । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले पुरूष एकदिवसीय विश्वकप २०२७ र टी-२० विश्वकप २०२८ को प्रतियोगिता ढाँचामा महत्त्वपूर्ण परिवर्तन स्वीकृत गरेसँगै नेपालले २०२८ टी-२० विश्वकपको यात्रा ग्लोबल क्वालिफायरबाट तय गर्ने भएको छ । स्कटल्यान्डको एडिनबर्गमा सम्पन्न आईसीसीको वार्षिक साधारणसभाले नयाँ प्रतियोगिता संरचना अनुमोदन गर्दै विश्वकपलाई अझ प्रतिस्पर्धात्मक र रोमाञ्चक बनाउने लक्ष्य लिएको जनाएको छ ।

नयाँ व्यवस्थाअनुसार नेपाल स्वतः विश्वकपमा छनोट हुन नसकेका आठ टोलीमध्ये एकका रूपमा ग्लोबल क्वालिफायर खेल्नेछ । नेपालसँगै क्यानडा, इटाली, नामिबिया, नेदरल्यान्ड्स, ओमान, संयुक्त अरब इमिरेट्स (यूएई) र संयुक्त राज्य अमेरिका (यूएसए) पनि सिधै ग्लोबल क्वालिफायरमा सहभागी हुनेछन् । यसबाहेक क्षेत्रीय छनोटबाट आउने आठ टोली थपिएपछि १६ टोलीबीच प्रतिस्पर्धा हुनेछ ।

ग्लोबल क्वालिफायरबाट प्रत्येक क्षेत्रका उत्कृष्ट टोली तथा समग्र प्रदर्शनका आधारमा थप तीन टोलीले न्यूनतम प्रदर्शन मापदण्ड पूरा गरेमा २०२८ टी-२० विश्वकपमा स्थान बनाउनेछन् । यसले नेपाललाई विश्वकपमा पुनः स्थान बनाउन कडा प्रतिस्पर्धा पार गर्नुपर्ने अवस्था सिर्जना गरेको छ ।

आईसीसीले सन् २०२८ को टी-२० विश्वकप अस्ट्रेलिया र न्युजिल्यान्डमा आयोजना गर्नेछ । प्रतियोगितामा २० टोली नै रहने भए पनि यसको संरचना परिवर्तन गरिएको छ । अब पाँच समूहमा चार-चार टोली रहनेछन् । प्रत्येक समूहका शीर्ष दुई टोली 'सुपर-१०' चरणमा पुग्नेछन् । त्यसपछि १० टोलीलाई दुई समूहमा विभाजन गरिनेछ । दुवै समूहका विजेता टोली सिधै सेमिफाइनल पुग्नेछन् भने दोस्रो र तेस्रो स्थानमा रहने टोलीबीच 'एलिमिनेटर' खेल हुँदै बाँकी दुई सेमिफाइनलिस्ट तय गरिनेछ ।

त्यसैगरी, सन् २०२७ को एकदिवसीय विश्वकप दक्षिण अफ्रिका, जिम्बाब्वे र नामिबियाले संयुक्त रूपमा आयोजना गर्नेछन् । १४ टोली सहभागी हुने प्रतियोगितामा पहिलोपटक तीन चरणको नयाँ ढाँचा लागू हुनेछ । प्रारम्भिक 'सुपर सिरिज'पछि समूह चरण र त्यसपछि 'सुपर-७' चरण सञ्चालन गरिनेछ । सुपर-७ का शीर्ष चार टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन् ।

# "मिसेस पूर्वेली आइकन-३" को पहिलो अडिसन सम्पन्न



**इटहरी/** विवाहित महिलाको प्रतिभा प्रस्फुटन, सशक्तीकरण र उद्यमशीलताको प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजित 'मिसेस पूर्वेली आइकन-३' को पहिलो फिजिकल अडिसन इटहरीमा सम्पन्न भएको छ ।

ओपन स्पेस प्रालिको आयोजनामा संगीत चोकस्थित फूडसाला क्याफेमा सम्पन्न अडिसनमा डिजिटल छनोटबाट उत्कृष्ट १२ जना विवाहित महिलाले सहभागिता जनाएका थिए । प्रतियोगिताका लागि ५० जनाले अनलाइन आवेदन दिएका थिए ।

अडिसनको निर्णायकमा कोरियोग्राफर सुभेच्छा कार्की, दोस्रो संस्करणकी विजेता मेघा खड्का तथा थर्ड रनरअप सीता पुरी र रईशा चौधरी रहेका थिए ।

कार्यक्रम निर्देशक सरोज श्रेष्ठका अनुसार २० देखि ५० वर्ष उमेर समूहका विवाहित महिलाहरु सहभागी हुन सक्ने प्रतियोगिताको दोस्रो अडिसन आगामी साउन ३ गते इटहरीमै हुनेछ भने त्यसपछि धरानमा अडिसन सञ्चालन गरिनेछ ।

आयोजक संस्था ओपन स्पेस प्रालिकी प्रमुख कार्यकारी अधिकृत (सीईओ) सजिना श्रेष्ठले यस संस्करणमा फोटोसुटसहित विभिन्न व्यक्तित्व विकास र उद्यमशीलतामूलक गतिविधिमार्फत सहभागीलाई आत्मनिर्भर बन्न प्रेरित गरिने बताइन् ।

कोरियोग्राफर सुभेच्छा कार्कीको विशेष प्रशिक्षण रहने प्रतियोगिताका विजेताले १ लाख रूपैयाँ बराबरको नगद तथा आकर्षक उपहार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

**कोशीमा रैथाने कपडाको प्रयोग**

# कार्यालय पोसाक अनिवार्य



**दमक/** कोशी प्रदेश सरकारले कोशी प्रदेशमै उत्पादित ढाका, खाँडी, अल्लो तथा अन्य कपडाबाट निर्मित कार्यालय पोसाक अनिवार्य रूपमा प्रयोग गर्न कर्मचारीहरूलाई निर्देशन दिएको छ । कोशी प्रदेश सरकारले प्रदेशको रैथाने उत्पादनलाई प्रोत्साहन गर्ने गरी कर्मचारीहरूलाई प्रदान गरिने पोसाक भत्ता कार्यान्वयनमा ल्याएको छ ।

प्रत्येक हप्ताको बुधबार र शुक्रबार यो व्यवस्था लागु गरिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । सोही निर्णय अनुसार सामाजिक विकास मन्त्रालयका कर्मचारीहरूले स्थानीय उत्पादनबाट बनेको पोसाक लगाउन सुरु गरेका छन् ।

साताको दुई दिन स्थानीय उत्पादनको पोसाक लगाउनुपर्ने व्यवस्थाका लागि सरकारले नियमित रूपमा प्रदान गर्दै आएको पोसाक भत्तामा प्रतिव्यक्ति वार्षिक पाँच हजार पाँच सय रुपियाँ थप गरी विशेष पोसाक सुविधा उपलब्ध गराएको छ ।

# संसद्मा जरूरी सार्वजनिक महत्वको प्रस्ताव

दमक । सुकुम्वासी बस्ती भत्काएको विषयमा छलफल गराउन चार दलका सांसदले प्रतिनिधि सभामा जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरेका छन् ।

कांग्रेसका भीष्मराज आङदेम्बेको प्रस्तावमा एमालेका ऐनबहादुर महर, नेकपाका युवराज दुलाल र श्रम संस्कृति पार्टीका आरेन राई समर्थक छन् । प्रस्तावमा संविधानले सुनिश्चित गरेका आवास, सम्मानपूर्वक बाँच्न पाउने तथा सुकुम्वासी र भूमिहीन दलितका मौलिक हक कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । साथै, पुनर्स्थापना योजनाबिनै नदी किनारका बस्ती हटाइएका विषयसहित पाँच मुद्दामा संसद्मा छलफल गर्न माग गरिएको छ ।

***भोजपुर**......गएको उद्यमी बुद्धराज शाक्यले बताए ।*

*टक्सारका उद्योगमा कलात्मक शैलीका धातुका करूवा, आङ्खोरा, कचौरा, कप, डाडु, पन्यु, थाल, डबका, गाग्रा र खड्कुँलालगायत दर्जनौँ सामग्री बनाउने गरिन्छ । धातुका सामग्रीको माग धेरै भए पनि उत्पादन कम हुँदा माग धान्न कठिन हुने गरेको उद्यमी बताउँछन् । उद्योगको संख्या घट्नुका साथै दक्ष कालिगढ पाउन पनि कठिन हुँदै गएको छ । यसले टक्सारको मौलिक कला र उद्योग संरक्षणमा चुनौती थपिएको छ । उद्योग संरक्षणका लागि आवश्यक सीप पुस्तान्तरण तथा स्रोतसाधन उपलब्ध गराउनुपर्ने आवश्यकता देखिएको छ । कच्चा पदार्थ र कालिगढको अभावले पुर्ख्यौली पेसा ओझेलमा पर्दै गएको अर्का उद्यमी विमल शाक्यले बताए ।*

***आब**....*कानून मन्त्रालयबाट १७, पूर्वाधार विकासबाट १६, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयबाट १५-१५, स्वास्थ्यबाट १६ तथा गृह मन्त्रालयबाट ११ वटा विधेयक पेस हुने बताइन् । मन्त्री गौतमले आगामी आर्थिक वर्ष २०८३-०८४ लाई 'कानून सुधार तथा निर्माण वर्ष' का रूपमा घोषणा गरिएको समेत जानकारी दिइन् । प्रचलित कानूनको सुधार, खारेजी, संहितीकरण र एकीकरण गर्ने प्रक्रियालाई थप प्रभावकारी बनाउन आगामी वर्षलाई कानून सुधार वर्षको रूपमा मनाइने बताउँदै उनले यसका लागि उच्चस्तरीय कानून सुधार समिति गठन गर्ने तयारी भइरहेको पनि उनले उल्लेख गरिन् ।

***व्यापारीद्वारा**....सुनसरीका डिपोले इन्धन खरिदमा व्यापक कटौती गरेका छन् । विराटनगर डिपोमा दैनिक औसत ५५० किलो लिटर डिजेलको माग हुने गरेकोमा मंगलबार ५० प्रतिशत र बुधबार करिब ६० प्रतिशतले गिरावट आएको छ । त्यस्तै, दैनिक २०० देखि २२० किलो लिटर बिक्री हुने पेट्रोलको माग पनि पछिल्ला दिनमा करिब १०० किलो लिटरमा झरेको प्रादेशिक कार्यालय प्रमुख पुष्कर कार्कीले जानकारी दिए ।*

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

फ्ल्याट खाली
दमक-५ मंगलदीप उत्तर अफिस प्रयोजनका लागि फ्ल्याट खाली छ ।
सम्पर्कका लागि: 9817000579

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय, झापा
भद्रपुर, नेपाल

## तोपगाछी-क्याम्पा-गौरादह बजार-गौरीगन्ज-ठेकी टोल (२०.४ किमि) सडक निर्माण तथा स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*(प्रकाशित मितिः २०८३/०३/३२)*

कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास कार्यालयद्वारा कोशी प्रदेश, झापा जिल्लामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, भद्रपुर, झापा,<br>सम्पर्क नं : ९८०७९१५९८९<br>वेबसाईट : www.idojhapa.p1.gov.np<br>इमेलः info@idojhapa.p1.gov.np |
| प्रस्तावको व्यहोरा | तोपगाछी क्याम्पा-गौरादह बजार-गौरीगञ्ज ठेकी टोल सडक (२०.४ कि.मी.) निर्माण तथा स्तरोन्नति<br>सडकको क्षेत्राधिकार-३० मि.<br>जम्मा सडकको लम्बाई-२०.४ कि.मि. |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गाँ.पा. | झापा जिल्ला, कमल गाउँपालिका, वडा नं.-१ र २, गौरादह नगरपालिका वडा नं १, २, ७ र ८ र गौरीगन्ज गाउँपालिका वडा नं ३ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक वातावरणमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गाँ.पा. तथा त्यस क्षेत्रका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | पूर्वाधार विकास कार्यालय, झापा,<br>सम्पर्क नं : ९८०७९१५९८९<br>वेबसाईट : www.idojhapa.p1.gov.np<br>इमेलः info@idojhapa.p1.gov.np |
| **परामर्शदाताको नाम र ठेगाना** | बज्रबाराही इन्जिनियरीग एण्ड प्लानर्स कन्सल्टेन्सी<br>ठेगानाः ज्वागल, ललितपुर, बागमती प्रदेश<br>ईमेलः extreme.engg.solns@gmail.com<br>सम्पर्क नः ९८४१२५१९०४ |

प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, प्रबन्धकः सुवासचन्द्र भट्टराई, मुद्रणः ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादकः खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउटः सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल